# ECHO OF HIS CALL

## येशू ख्रीष्टको बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XX | YEAR OF OUR LORD JESUS CHRIST, 2020 MARCH | No.6


### पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

परमप्रभुको प्रशंसा

**भजनसंग्रह १३८:१–८**

१. हे परमप्रभु, म आफ्नो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु, "देवताहरूका" सामुन्ने म त तपाईंको प्रशंसा गर्नेछु ।

२. म तपाईंको पवित्र मन्दिरतिर फर्केर दण्डवत् गर्नेछु र तपाईंको करुणा र विश्वसनीयताको निम्ति तपाईंका नाउँको प्रशंसा गर्नेछु किनभने तपाईंले आफ्नो नाउँ र आफ्नो वचन सबै कुरामाथि उच्च पार्नुभएको छ ।

३. जब मैले तपाईंलाई पुकारें, तपाईंले मलाई जवाफ दिनुभयो । तपाईंले मलाई साहसी र आँटिलो पार्नुभयो ।

४. तपाईंको मुखका वचन सुन्दा हे परमप्रभु, पृथ्वीका समस्त राजाहरूले तपाईंको प्रशंसा गरून् ।

५. तिनीहरूले परमप्रभुका मार्गहरूको जयजयकार गरून् किनकि परमप्रभुको महिमा महान् छ ।

६. परमप्रभु अति उच्चमा विराजमान हुनुभए पनि उहाँले नम्रहरूमाथि दृष्टि गर्नुहुन्छ तर अहङ्कारीहरूलाई उहाँले टाढैबाट चिन्नुहुन्छ ।

७. म सङ्कटमय मार्गमा हिँडे पनि तपाईंले मेरो प्राणको सुरक्षा गरिदिनुहुन्छ । मेरा शत्रुहरूका क्रोधको विरुद्धमा तपाईंले हात बढाउनुहुन्छ, आफ्नो दाहिने बाहुलीले मलाई बचाउनुहुन्छ ।

८. परमप्रभुले मेरो लागि उहाँको अभिप्राय पूरा गर्नुहुनेछ, तपाईंको करुणा, हे परमप्रभु, सदाको निम्ति रहिरहन्छ– तपाईंका हातको रचनालाई नत्याग्नुहोस् ।

# प्रभुको उपस्थितिको शक्ति

## भाइ डेभिड विल्कर्सन

यो सन्देश परमेश्वरको उपस्थितिको सर्वशक्तिमान शक्तिको बारेमा हो– अनि हामीले कसरी त्यो शक्तिको सम्हाल्न सक्छौं । परमेश्वरको निम्ति जिउन उहाँका चेलाहरूलाई उहाँको उपस्थितिले कसरी सुसज्जित गर्दछ भन्ने बारेमा पवित्रशास्त्रले अन्त्यहीन उदाहरणहरू प्रदान गर्दछ । अनि यीमध्ये सबैभन्दा शक्तिशालीमध्ये एउटाचाहिँ मोशाको जीवनमा पाइन्छ ।

आफ्नो जीवनमा परमेश्वरको उपस्थितिबिना कुनै पनि प्रयास गर्नु मोशाको निम्ति अर्थहीन थियो भनेर उनी निश्चित थिए । जब उनले परमप्रभुसँग मुखामुख गरेर बोले, उनले भने, "तपाईंको उपस्थिति हामीसित गएन भने हामीलाई यहाँबाट उता नलानुहोस्" (प्रस्थान ३३:१५) । उनले भनिरहेका थिए, "प्रभु, तपाईंको उपस्थिति मसित भएन भने म कहीं पनि जाँदिनँ । तपाईं मसँग हुनुहुन्छ भनेर म निश्चित नभएसम्म म एउटै पनि कदम लिनेछैनँ ।"

इस्राएलमा अन्य सबै देशहरूबाट मानिसहरूलाई अलग गर्ने परमेश्वरको उपस्थिति थियो भनेर मोशालाई थाहा थियो । अनि आज येशू ख्रीष्टको मण्डलीको निम्ति पनि यही कुरा सत्य हो । अविश्वासीहरूबाट हामीलाई अलग गर्ने एउटै मात्र कुराचाहिँ– विश्वासीहरूचाहिँ परमेश्वर हामीसित भन्ने हो– हामीलाई अगुवाइ गर्ने, हामीलाई डोऱ्याउने, हामीमा र हामीबाट उहाँको इच्छामा काम गर्ने ।

अन्य देशहरूले आफ्नो अगुवाइ कसरी प्राप्त गर्छन्, आफ्ना रणनीतिहरू कसरी बनाएका छन्, आफ्ना सरकार कसरी संचालन गरेका छन् वा आफ्ना सेनाहरूलाई कसरी निर्देशित गरेका छन् भनेर मोशाले वास्ता गरेनन् । उनले भने, हामी एउटै मात्र सिद्धान्तमा चल्छौं । हामी निर्देशित हुने वा शासित हुने, लडाइँ गर्ने वा यो उजाडस्थानमा बाँच्ने एउटै मात्र मार्ग भनेको हामीसँग परमेश्वरको उपस्थिति हुनुपर्छ भन्ने हो ।"

"जब परमप्रभुको उपस्थिति हाम्रो बीचमा हुन्छ, हामीलाई कसैले पनि हानि गर्न सक्दैन । तर उहाँबिना हामी असहाय छौं, व्यर्थका हुन्छौं । यो संसारका सबै देशहरूले आफ्ना शक्तिशाली सेनाहरू, आफ्ना फलामे घोडचढी, आफ्ना सिपालु सैनिकहरू, आफ्ना नयाँ हतियारहरूमा भरोसा गरून् । हामीचाहिँ हाम्रो परमेश्वरको स्पष्ट उपस्थितिमा भरोसा गर्नेछौं ।"

मोशाको निडर भनाइमा परमेश्वरले कसरी जवाफ दिनुहुन्छ भनेर यहाँ छः "मेरो उपस्थिति तँसँग जानेछ र म तँलाई विश्राम दिनेछु" (प्रस्थान ३३:१४) । कस्तो अचम्मको प्रतिज्ञा । विश्रामको निम्ति उहाँ भएको हिब्रू शब्दको अर्थ "आरामदायी, शान्त विश्राम" हो । परमेश्वरले भनिरहनुभएको थियो, "तिमीहरूले जस्तोसुकै शत्रुहरू वा परीक्षाहरूको सामना गर्नुपरे पनि तिमीले सदा ममा शान्त विश्राम पाउन सक्षम हुनेछौ ।"

बाँकी पृष्ठ ४ मा

*Touching lives by Teaching...since 1969*

# ECHO OF HIS CALL

(ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, MARATHI, KANNADA, BENGALI, GUJARATI, ODIA, NEPALI, ASSAMESE, PUNJABI, URDU, SINHALA & AFRIKAANS MONTHLY MAGAZINE)






## "... तपाईंको सुदिन फर्केर तपाईंकहाँ आउनेछ" (अय्यूब २२:२१) ।

येशू ख्रीष्टमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा तपाईंलाई अभिवादन । जसै हामीले तपाईंको निम्ति प्रार्थना गरिरहेका छौं, तपाईंले पनि आफ्नो जीवनको सम्पूर्ण क्षेत्रहरूमा परमेश्वरको शक्तिको अगुवाइमा आनन्द गरिरहनुभएको छ भनेर हामीले आशा गर्दछौं ।

हालका दिनहरूमा संसारका विभिन्न देशहरूमा भएका जीवनका विभिन्न हिँडाइमा भएका मानिसहरूमाथि पवित्र आत्माको भरपूरिको सुरुवात भएको हामीले सुन्न सकेका छौं । प्रभु येशू ख्रीष्टमाथि विश्वास नगरी जिइरहेका हाम्रा मित्रहरू र सार्वजनिक व्यक्तिहरूमध्ये धेरै जना उहाँको बचाउने ज्ञानमा आएका र खुल्लमखुल्ला येशू ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा घोषणा गरेका कुराहरू हामीले सुनेका छौं । यी कुराहरूमा सिनेमा क्षेत्र र शक्तिशाली राजनीतिहरूबाटका मानिसहरू समावेश छन् । त्यसैले, प्रार्थना गर्ने र सम्प्रदायिक भिन्नता भए पनि सेवकाइ गर्ने परमेश्वरका सम्पूर्ण मानिसहरूले विषम परिस्थितिका बावजूत पनि देशका सुसमाचार नपुगेका मानिसहरूकहाँ सुसरमाचार पुग्नको निम्ति प्रभु येशू ख्रीष्टलाई धन्यवाद दिन आफ्ना आवाज उठाऔं ।

आत्मिक संसारमा भइरहेका वास्तविक कुराहरू प्रकाशन गर्न साहस भएको होस् भनी हामीले मिडियाका मानिसहरूका निम्ति पनि प्रार्थना गर्नुपर्छ । मानिसहरूका बीचमा भएका प्रभुका अधिकाङ्श कार्यहरू सामान्य मानिसहरूको ज्ञान र ध्यानमा ल्याइएको हुँदैन । यो महिना विशेष गरी पत्रपत्रिका, टेलिभिजनहरू इन्टरनेट, ह्वाट्सएप, आदिजस्ता मिडियाका एजेन्सीहरूका निम्ति विशेष गरी प्रार्थना गरौं ताकि आत्मिक संसारमा भइरहेका आश्चर्यकर्महरू र वास्तविक घटनाहरू तिनीहरूले बाहिर ल्याउन सकून् । हरेक दिन हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको शक्तिद्वारा मानिसहरूका जीवनमा आश्चर्यजनक कार्यहरू भइरहेका छन् । प्रार्थनाका योद्धाहरूका पुकारा सुन्नुभएको र कठोर स्थानहरूमा सुसमाचार फैलाउन परमेश्वरका मानिसहरूका मेहेनेतलाई सम्मान गर्नुभएको निम्ति हामी प्रभु येशू ख्रीष्टप्रति अत्यन्तै धन्यवादी छौं ।

सेवकाइका हाम्रा क्षेत्रहरूमा पनि मानिसहरूका बीचमा बृहत् आत्मिक परिवर्तनको बारेमा सुनेका छौं, जो हाम्रा कर्मचारीहरूको पहुँचमा छन् ।

यो वर्ष जनवरी ९ तारिख बिहान १२:३० बजे भारतको दक्षिणी भागको तिरुनेल्भीली भन्ने ठाउँमा हाम्रो मिसनरी यात्रामा छोटो विश्राम लिन हामी राजमार्गको रेस्टुरेन्टमा रोकेका थियौं । अनपेक्षित रूपमा पति र पत्नी हाम्रोअघि बस्नुभयो र हामी बसेको टेबिलको छेऊमा बस्नुभयो । हामी लामो यात्राको कारण थकित भएको हुनाले हामी आफ्ना कफीको कपमा केन्द्रित थियौं र त्यसमा रमाउँदै थियौं, परिवारको मुख्य व्यक्तिले हामीलाई गम्भीर रूपले हेरे, अचानक उनले हामीलई अङ्कमाल गरे र तल दिइएको रोचक भनाइ घोषणा गरे:



*"प्रिय भाइ साम, के तपाईंले मलाई चिन्नुभयो ? म रेभ. रामादास हुँ, जो चेन्नाइमा १९९२-१९९४ को वर्षमा तपाईंको नहेम्याह बाइबल कलेजको विनम्र विद्यार्थी थिएँ । तपाईंले कलेजमा प्रशासन हेर्नुहुन्थ्यो र ख्रीष्टको उत्कट चाहनाको साथमा विद्यार्थीहरूलाई पढाउनुहुन्थ्यो । त्यसपछि मैले प्रख्यात दैनिक अखबार थ्रीना थान्थीमा काम गरिरहेको थिएँ । एक दिन जब तपाईंले प्रभु येशू ख्रीष्टको कार्यको सर्वोच्चताको बारेमा व्याख्या गर्नुभयो, तपाईंले सरकारी लाभदायक जागिर पाउनुभएको भए पनि प्रभु येशू ख्रीष्टले तपाईंलाई कसरी पूर्णकालीन सेवकाइको निम्ति बोलाउनुभएको थियो प्रभु येशू ख्रीष्टको सेवकाइमा उहाँले तपाईंलाई कसरी चुनौति दिनुभयो र*

**CHIEF EDITORS**
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.
**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.
**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager
**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.
**ADVISORY BOARD**
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Aud. K. Puratchivendan, M.Com., B.L.
Bro. Rajeswaran Samuel, B.Com.

**PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
**Echo of His Call Printers**
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
**Phone :** (+91-44) 2852 8282
2852 9293, 2854 7766
**Email :** sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**Websites :**
www.echoofhiscall.org
www.echoofhiscall.com

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners Village English High School Crusades 100 Prayer Warriors Community Development

तपाईंको जीवनको सफलताको बारेमा बताउनुभयो । प्रभुले मेरो हृदय छुनुभयो र उहाँको पूर्णकालीन सेवकाइको जल्दो क्रियाकलाप सुरु गरेको उहाँले चाहनुभयो । सोहीअनुसार मैले आफ्नो अध्ययन पूरा गरें र डिग्री हासिल गरें र सांसारिक समाचार कम्पनीमा भएको मेरो जागिर निडरताका साथ छोडेर येशू ख्रीष्टको सेवकाइमा फाल हालें । अब प्रभुले मलाई आशिष् दिनुभयो र मलाई सिनियर पास्टरको रूपमा मलाई उचाल्नुभयो । उहाँले मलाई हरेक थोक उपलब्ध गर्नुभयो, जस्तैः मण्डलीको भवनहरू, घरको भवन, सवारीसाधन, आदि र मेरा सबै आवश्यकताहरू पूरा गरिरहनुभयो । मेरी पत्नी र छोरीको साथमा मैले प्रभुको पूर्णकालीन सेवा गरिरहेको छु । नहेम्याह बाइबल कलेजको सेवकाइको निम्ति प्रभुलाई धन्यवाद होस् ।

दोस्रो, बाइबलकोर भनिने हाम्रो आधारभूत बाइबल पत्राचार कोर्सको बारेमा तपाईं जानकार हुनुहुन्छ । हामीले **तपाईंको निम्ति– नयाँ जीवन भन्ने** अचम्मको कोर्स किताब प्रयोग गरिरहेका छौं, जुन सन् १९८० देखि अङ्ग्रेजी, तामिल र हिन्दी तीन वटा भाषामा रहेका छन् । यो कोर्सबाट भारत र छिमेकी देशहरूका हजारौं मानिसहरू आशिषित भएका छन् । सफल विद्यार्थीहरूलाई हामीले प्रमाणपत्र प्रदान गर्दछौं । साम्प्रदायिक भावनाहरू र उमेरका बावजूद पनि हजारौं विद्यार्थीहरू यो कोर्सबाट भएर गुज्रिएका छन् । हामीले बिना सम्पादन आन्ध्रप्रदेश, दक्षिण भारतकी बहिनी अन्नपूर्ण भन्ने हाम्रा विद्यार्थीहरूमध्ये एक जनाको पत्र तल प्रकाशन गरेका छौं ।

*ख्रीष्टमा प्रिय भाइ,*

*प्रभु येशू ख्रीष्टको नाउँमा अभिवादन । म एम. अन्नपूर्ण हुँ । मैले बाइबलकोर, तपाईंको निम्ति नयाँ जीवन प्राप्त गरेकी छु । यो बाइबल कोर्स प्राप्त गर्दा म अत्यन्तै खुसी भएकी छु । यो अत्यन्तै उपयोगी थियो र यो पुस्तकमा भएका शब्दहरू र वाक्यहरू सरल र बाइबलका वचनहरू बुझ्न र सिक्न सजिलो छ ।*



*यो कोर्स गर्दैगर्दा म अत्यन्तै खुसी छु । साँचो ख्रीष्टियानले कसरी व्यवहार गर्नुपर्छ भनेर मैले बुझेकी छु । हरेक समय ती पालन गर्न मैले ती सत्यताहरू आफ्नो मनमा राखेकी छु । मैले यो कोर्स ठूलो आनन्दको साथमा पूरा गरेकी छु । मैले यो पत्रको साथमा उत्तरपुस्तिका पनि पठाइरहेकी छु । यो बाइबल कोर्स गरेर मैले आशिषित भएको महसुस गरेकी छु । यो कोर्स मलाई पठाइदिनुभएको निम्ति तपाईंलाई धन्यवाद ।*

*मैले "प्रतिज्ञा कार्ड" र "बाइबल अध्ययन योजना" (२०२०) को साथमा तपाईंको पत्र प्राप्त गरेकी छु । ती प्राप्त गरेर म अत्यन्तै खुसी भएकी छु । यी साहित्यहरूका निम्ति तपाईंलाई अत्यन्तै धन्यवाद ।*

*यो नयाँ वर्षदेखि मैले हरेक महिना रु. २००/- पठाउने चाहना गरेकी छु । कृपया यो तपाईंको मण्डली सेवकाइको निम्ति प्रयोग गर्नुहोला । मैले मनी अर्डरबाट रु. २००/- पठाइरहेकी छु । कृपया त्यो संकलन गर्नहोला ।*

*मलाई र मेरो परिवारलाई तपाईंको ख्रीष्टमस र नयाँ वर्षको शुभकामनाको निम्ति धन्यवाद । तपाईंको प्रार्थनाको निम्ति धन्यवाद । तपाईं र तपाईंको परिवारलाई ख्रीष्टमस र नयाँ वर्षको शुभकामना । परमेश्वरले सम्पूर्ण पक्षमा तपाईं, तपाईंको परिवार र तपाईंको सेवकाइलाई प्रशस्त मात्रामा आशिष् दिनुभएको होस् ।*

*फेरि पनि ख्रीष्टमस र नयाँ वर्षको शुभकामना । कृपया असल जीवन साथीको निम्ति मेरो विवाहको निम्ति प्रार्थना गरिदिनुहोस् ।*

*हामी पनि तपाईं र तपाईंको सेवकाइको निम्ति प्रार्थना गरिरहेका हुनेछौं । हामी तपाईंलाई प्रेम गर्छौं र तपाईंलाई धन्यवाद,*

*एम. अन्नपूर्ण*

तेस्रो, हामी दक्षिण भारतको भाग केरेला प्रान्तका भाइ मोहनदास बसेल नाम भएका विद्वानलाई परिचय गराउन चाहन्छौं, जसले नहेम्याह बाइबल कलेजको ईश्वरशास्त्रीय पत्राचार कोर्समा अध्ययन गर्नुभएको थियो । हामीले हालै उहाँबाट प्राप्त गरेको पत्र तल प्रकाशन गरेका छौं:

*बोलावटको प्रतिध्वनि, चेन्नाइको सेवकाइको अधीनमा भएको नहेम्याह बाइबल कलेजको ईश्वरशास्त्रीय बाइबल कोर्समा म भर्ना भएको थिएँ । वास्तवमै यो मेरो हृदयमा भिल्को भएको थियो । यो कोर्सको अध्ययनबाट मैले बाइबल अझ धेरैभन्दा धेरै अध्ययन गर्ने मनसाय राखेको थिएँ । त्यसैले मैले एक-एउक थरेर सबै ७ वटै पुस्तकहरू अध्ययन गर्न सुरु गरें । निश्चय नै, ज्ञान नयाँ जीवनमा थिएन भनेर मैले महसुस गरेको थिएँ । छैटौं पाठको पुस्तकबाट मैले नयाँ प्रकाश र बाइबलको ज्ञान पाएँ । यसले मलाई सही मार्ग सिकाएको थियो र मलाई नयाँ जीवन दिएको थियो । विशेष गरी, यो कोर्सले मलाई ईश्वरशास्त्रमा भएको मेरो अघिल्लो अवस्थाभन्दा यस कुरामा भएको ज्ञानमा असल मार्गदर्शन दिएको थियो ।*



*मण्डलीको बारेमा भएको अन्तिम सातौं पाठको पुस्तकले व्याख्या र प्रचारको बारेमा मलाई बृहत् ज्ञान दिएको थियो । त्यसैले, म उच्चमा विराजमान हुनुहुने मेरो परमप्रभुलाई प्रशंसा गर्दछु र बोलावटको प्रतिध्वनि सेवकाइहरू र नहेम्याह बाइबल कलेजबाट ईश्वरशास्त्रीय कोर्सको निम्ति उहाँलाई धन्यवाद दिन्छु । यो कोर्सले मलाई सही तरिकामा परमेश्वरको वचन दिएको थियो र मेरो जीवनमा सही मार्ग देखाएको थियो ।*

*जब म डिसेम्बर २०१९ मा यो सेवकाइ भ्रमण गर्न आएको थिएँ विशेष गरी यो सेवकाइका निर्देशक पास्टर एस. साम सेल्भारावले मलाई धेरै सहायता र उत्साहित गर्नुभएको थियो र आफ्नो जीवनशैलीबाट मण्डलीमा साँचो अगुवा को हो भनेर मलाई देखाउनुभयो । यो समयावधिमा मेरो सपना साकार भयो र मेरो आत्मा आनन्दित भयो र परमेश्वरको थुमाको निम्ति हाल्लेलूयाह भनेको थियो । पास्टर सामले मलाई सबै प्रकारका आराधनाहरू, अगुवाइमा सहभागी हुने अवसर दिनुभयो र आफ्नो दयालु प्रेम र विचारद्वारा मलाई उत्साहित गर्नुभयो । परमेश्वरका राज्य बिस्तार र्फ उहाँले अचम्मका सेवा गरिरहनुभएको छ । प्रभुको निम्ति उहाँको अचम्मको समर्पण र विश्वासयोग्य सेवाहरूका कार्यान्वयनलाई मैले कसरी अभिव्यक्त गर्न सक्छु ? मेरो भ्रमणले मलाई धेरैभन्दा धेरै शक्ति र बुद्धि दिएको थियो । उहाँको राज्य बिस्तार गर्नमा यो बोलावटको प्रतिध्वनि सेवकाइ र पास्टर साम सेल्भाराज असल उदाहरण हुनुहुन्छ । पास्टर एस. साम सेल्भाराज र उहाँको समूहलाई म शुभकामना दिन चाहन्छु र उहाँहरूको हाइ स्कुल, बाइबल कलेजहरू, आदिको साथमा उहाँका मिसन र उहाँहरूमाथि परमप्रभुको सम्पूर्ण प्रकारका आशिष् खन्याइएको होस् भनेर प्रार्थना गर्दछु ।*

*प्रेम र प्रार्थनाको साथमा*

*मोहनदास बसेल पी.*

२५ जनवरी, २०२० मा पाडाप्पाइ भन्ने स्थानमा हाम्रो मुख्य मण्डलीका सम्पूर्ण सदस्यहरूका साथमा बाहिर जान र टबरनेकलको भोज संचालन गर्न परमप्रभु परमेश्वरले हामीलाई सहायता गर्नुभएको थियो ।

यति लामो सम्पादकीय स्तम्भ पढ्नुभएको निम्ति तपाईंलाई धन्यवाद । परमेश्वरले हामीलाई वर्णनै गर्न नसकिने तरिकामा आशिष् दिनुभइरहेको र प्रयोग गरिरहनुभएको छ। हाम्रा सम्पूर्ण सहयोगीहरू, सहसम्पादकहरू, प्रार्थनाका साझेदारहरू, जीवनका साझेदारहरू, विश्वासका साझेदारहरू, ग्राहक साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, पास्टरहरू, मिसनरीहरू, स्कुलका कर्मचारी सदस्यहरू, हाम्रा बाइबल कलेजहरूका कर्मचारीहरू, कार्यालय कर्मचारीहरू, छापाखानाका परिवारका सदस्यहरू, आदिका निम्ति कृपया प्रार्थना गरिदिनुहोस्, जसले ५१ औं वर्षको यो सेवकाइमा हामीसँग **बोलावटको प्रतिध्वनिका** क्रियाकलापहरूमा हातेमालो गरिरहनुभएको छ ।

हामीले **बोलावटको प्रतिध्वनिका** सेवकाइ र संसारभरि रहेका सम्पूर्ण सहयोगीहरूका निम्ति मई १, २०२० विशेष गरी प्रार्थनाको दिनको रूपमा अलग गरेका छौं । त्यो दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म चेन्नाइमा भएको हाम्रो मुख्य मण्डलीमा हामीले विशेष भेला आयोजना गर्नेछौं र **बोलावटको प्रतिध्वनिका** सेवकाइहरू र अन्य यस्तै सेवकाइहरूका निम्ति प्रार्थनाको दिनको रूपमा त्यो दिनलाई लिइदिनुहु संसारभरि रहेका हाम्रा सम्पूर्ण सहयोगीहरू र मित्रहरूलाई हामीले आग्रह गर्दछौं । हामीले आवश्यक परेका मित्रहरू, संस्थाहरू र मण्डलीहरूलाई प्रार्थनाका बुँदाहरू पठाउनेछौं । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

**ख्रीष्ट येशूमा तपाईंको सेवक**
**एस. साम सेल्भाराज**

---

*पृष्ठ १ बाट*

यसको बारेमा विचार गर्नुहोस्: मण्डलीको माझमा परमेश्वरको स्पष्ट उपस्थिति यसमा हुने हो भने यहाँ कुनै हडबडी, पसिना वा सङ्घर्ष हुनेछैन । आराधना सेवाहरू आफैंमा छिटो हुनेछैन, तीन वटा गीतहरू, भेटी र छोटो वचन । त्यसको साटोमा त्यहाँ शान्ति, आरामदायी विश्राम हुनेछ– अनि ढोकाबाट पस्ने हरेक जनाले त्यो कुरालाई अनुभव गर्नेछन् ।

निश्चय नै मण्डलीले ठूलो आवाजको प्रशंसा वा उत्साहजनक आराधनाको अनुभव गर्न सक्नेछैन भन्ने यसको अर्थ होइन । त्यसको विपरीत, यी कुराहरू प्रायः विश्राममा भएका मानिसहरूको परिणाम हुन्छन् भनेर म विश्वास गर्छु । आफ्नो माझमा परमेश्वरको उपस्थिति भएको मण्डलीको देह सदासर्वदा परमप्रभुमा स्पष्ट आत्मविश्वासको साथमा जिउनेछ, चल्नेछ र आराधना गर्नेछ ।

हरेक ख्रीष्टियानको निम्ति यही नै कुरा सत्य हो । तपाईंको जीवनमा येशूको उपस्थिति तपाईंसँग छ भने तपाईंले परमेश्वरको ईश्वरीय क्रम अनुभव गर्नुहुनेछ । तपाईंमा शान्ति र आरामदायी अवस्थामा हुनुहुनेछ, जहाँ चिन्ता वा फिक्री हुँदैन, मार्गदर्शन खोज्न अगाडि र पछाडि दौडनु पर्दैन, आफ्नो भूइँ खसिरहेको अनुभव हुँदैन । परमेश्वरमा हरेक थोकमाथि नियन्त्रण छ भन्ने कुरा थाहा गरेर तपाईं विश्राममा जिउनुहुनेछ ।

परमेश्वरको उपस्थितिले उहाँका चेलाहरूको जीवनमा ल्याएका आशिषहरूका यी पुरानो करारका उदाहरणहरूमाथि विचार गर्नुहोस्:

**अब्राहामको** जीवनमा परमेश्वरको उपस्थिति यति प्रष्ट थियो, उनीहरूका बीचमा भएका अविश्वासीहरूले पनि आफ्ना जीवन र उनको जीवनको बीचमा भएको भिन्नतालाई पहिचान गर्थे: "... अबीमेलेकले... अब्राहामलाई भने, तपाईंले गर्नुभएको सबै काममा परमेश्वर तपाईंसँग हुनुहुन्छ" (उत्पत्ति २१:२२) । अविश्वासी राजाले भनिरहेका थिए, "अब्राहाम, तपाईंको बारेमा केही भिन्नता छ। परमेश्वरले तपाईंलाई डोऱ्याउनुहुन्छ, तपाईंलाई बचाउनुहुन्छ र तपाईं जहाँ गए पनि तपाईंलाई आशिष् दिनुहुन्छ ।"

- परमेश्वरले **यहोशूलाई** प्रतिज्ञा गर्नुभयो, जब परमेश्वरको उपस्थिति तिनीसँग थियो, कुनै पनि शत्रु तिनको विरुद्धमा खडा हुन सक्नेछैन: "तेरो जीवनभरि तेरो सामुन्ने कोही मानिस खडा हुन सक्नेछैन । जसरी म मोशासँग रहें, त्यसरी नै म तँसँग रहनेछु । म तँलाई छोड्ने अनि तँलाई त्याग्नेछैनँ । बलियो र खूब साहसी बन्... (यहोशू १:५-६) । जब परमेश्वरको आत्मा हामीसँग उपस्थित हुन्छ, हामी बलियो र साहसी हुन सक्छौं– किनभने कुनै पनि शत्रुले हामीलाई हानि गर्न सक्दैन ।

- परमेश्वरले **गिदोनलाई** भन्नुभयो, "... तँ वीर मानिस होस् र परमप्रभु तँसँग हुनुहुन्छ... जा, इस्राएललाई छुटाउनलाई तँमा भएको बल प्रयोग गर..." (न्यायकर्ता ६:१२, १४) । यो पदमा भएको "बल प्रयोग" भन्ने शब्दले अघिल्लो पदलाई उल्लेख गर्दछ– "परमप्रभु तँसँग हुनुहुन्छ ।" परमेश्वरले के भनिरहनुभएको छ भनेर के तपाईंले देख्नुहुन्छ ? "गिदोन, तँभित्र शक्ति छ, जुन अत्यन्तै शक्तिशाली छ, त्यसले इस्राएललाई बचाउन सक्छ । अनि त्यो शक्तिचाहिँ मेरो उपस्थिति हो ।" गिदोन कायर थिए भनेर पवित्रशास्त्रले प्रकट गर्दछ– त्यसैले, परमेश्वरले तिनलाई किन "वीर मानिस होस्" भनी बोलाउनुभयो ? किनभने जब परमप्रभुको उपस्थिति कुनै व्यक्तिसँग हुन्छ, उसले के गर्न सक्छ भनेर उहाँले गिदोनलाई प्रमाणित गर्न चाहनुभएको थियो ।

- परमेश्वरले **यर्मियालाई** चेतावनी दिनुभयो कि सम्पूर्ण देश तिनको विरुद्धमा उठ्न लागेको छ र तिनको अगमवाणीहरू इन्कार गर्न लागेको छ । तैपनि परमेश्वरले प्रतिज्ञा गर्नुभयो, "...तिनीहरू तेरो विरुद्धमा लडाइँ गर्नेछन् तर तँमाथि विजयी हुनेछैनन् किनकि तँलाई बचाउन र उद्धार गर्नलाई म तँसित छु..." (यर्मिया १५:२०) । परमेश्वरले भनिरहनुभएको थियो, "सम्पूर्ण देश तिम्रो विरुद्धमा खडा भए पनि त्यसले केही अर्थ राख्दैन, यर्मिया । अर्थ राख्ने एउटै कुराचाहिँ तिमीसँग मेरो उपस्थिति हो । निश्चित रहनू, म तँसित छु ।"

- परमेश्वरले यशैयालाई तिनका प्रियहरूका निम्ति गर्ने विशेष प्रतिज्ञाको बारेमा बताउनुभयो: "नडरा किनकि मैले तँलाई मोल तिरेर छुटाएको छु । मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् । तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु । तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन् । तँ आगोबाट हिँडेर जाँदा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई

**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA<br>2. ICICI BANK | Triplicane, Chennai -5<br>Anna Salai, Chennai -2 | S. Sam Selva Raj<br>Echo of His Call | SBIN 0000249<br>ICIC 0006038 | 102329 34679<br>6038 05022319 |

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरले काम गर्नुभएको छ ।

### प्रशंसाको निम्ति बुँदाहरू

मार्च १९: २८ जनवरीमा हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा भएको हाम्रो स्पोर्टस डे कार्यक्रममा हाम्रो प्रभुले आशिष् दिनुभयो ।
मार्च २०: १ फेब्रुअरीमा हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा भएको हाम्रो वार्षिक कार्यक्रममा हाम्रो प्रभुले आशिष् दिनुभयो ।
मार्च २१: १६ वटा भाषामा भएको हाम्रो सुसमाचारीय साहित्य हाम्रो छापाखानामा छापिन र मिसनको क्षेत्रमा पठाउन परमेश्वरले आशिष् दिनुभयो ।
मार्च २२: संसारको जागृतिको निम्ति हाम्रो १०० जना प्रार्थनाका योद्धाहरूको सेवकाइमा परमेश्वरले आशिष् दिइरहनुभएको छ ।
मार्च २३: हाम्रा प्रान्तीय संयोजकहरूको निम्ति हामीले परमेश्वरलाई प्रशंसा देऔं ।
मार्च २४: हाम्रो मुख्य मण्डलीमा हाम्रो दिदीबहिनी संगतिमा परमेश्वरले आशिष् दिनुभयो ।
मार्च २५: हाम्रो बाइबलकोर– आधारभूत पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।
मार्च २६: हाम्रो पास्टर एस. साम सेल्भाराज र उहाँको समूहको यात्रामा परमेश्वरले आशिष् दिनुभयो ।
मार्च २७: परमेश्वरले प्रभावकारी शिक्षकहरूका साथमा हाम्रो नहेम्याह बाइबल कलेजहरूलाई आशिष् दिनुभयो ।
मार्च २८: परमेश्वरले असल कार्यालय कर्मचारीको साथमा हामीलाई आशिष् दिनुभयो ।
मार्च २९: हाम्रो मुख्य मण्डलीमा परमेश्वरले धेरै प्रार्थनाका योद्धाहरू दिनुभयो ।
मार्च ३०: हाम्रा सहयोगीहरूका प्रार्थना र सहयोगको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।
मार्च ३१: प्रभुले हाम्रा शाखा मण्डलीहरू र विश्वासीहरूलाई आशिष् दिनुभयो ।
अप्रिल १: विगतको महिनामा परमेश्वरले हाम्रो बोलावटको प्रतिध्वनि मण्डलीहरूका सम्पूर्ण क्रियाकलापहरूमा आशिष् दिनुभयो ।
अप्रिल २: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा धेरै आत्माहरू थपिए ।
अप्रिल ३: हाम्रो प्रभुले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सम्पूर्ण दुष्ट शक्तिहरूबाट बचाइरहनुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

अप्रिल ४: यो महिनामा बोलावटको प्रतिध्वनि सेवकाइहरूका सम्पूर्ण आर्थिक आवश्यकताहरू परमेश्वरले पूरा गर्नुभएको होस् ।
अप्रिल ५: सरकारी परीक्षामा सहभागी हुन लागेका सबै विद्यार्थीहरूको निम्ति प्रार्थना गरौं ।
अप्रिल ६: १ मई २०२० मा हुन लागेको अलुमिनी बैठकको निम्ति प्रार्थना गरौं ।
अप्रिल ७: चीन र प्रभावित भएका सबै देशहरूमा कोरोना भाइरको पूर्ण उन्मूलनको निम्ति सम्पूर्ण हृदयले प्रार्थना गरौं ।
अप्रिल ८: १३ जून २०२० मा हुन लागेको हाम्रो नहेम्याह बाइबल कलेजको दीक्षान्त समारोहको निम्ति प्रार्थना गरौं ।
अप्रिल ९: शैक्षिक सत्र २०२०-२०२१ म हाम्रो नहेम्याह बाइबल कलेजहरूका निम्ति परमेश्वरले धेरै विद्यार्थीहरू देऊन् ।
अप्रिल १०: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा हुने हाम्रो गुड फ्राइडे र इष्टर सेवाको निम्ति प्रार्थना गरौं ।
अप्रिल ११: स्कुल जाने सबै बालबालिकाको निम्ति प्रार्थना गरौं । परमप्रभुले उनीहरूलाई आवश्यक सुरक्षा देऊन् ।
अप्रिल १२: बोलावटको प्रतिध्वनिको हाम्रो मुख्य मण्डलीमा हरेक आइतवार हुने सात वटा सेवाहरूको संचालनको निम्ति प्रार्थना गरौं ।
अप्रिल १३: संसारभरि रहेका सम्पूर्ण कैदीहरूका बीचमा मुक्तिको निम्ति प्रार्थना गरौं ।
अप्रिल १४: बोलावटको प्रतिध्वनिको मुख्य कार्यालयको क्षेत्रमा र वरिपरि बस्ने मानिसहरूको मुक्तिको निम्ति प्रार्थना गरौं ।
अप्रिल १५: हाम्रो ऊर्दू सहसम्पादक भाइ सुरजकुमार चन्दानीको असल स्वास्थ्य र परिवारका सदस्यरूका निम्ति प्रार्थना गरौं ।
अप्रिल १६: सबै देशहरूका सीमा सुरक्षा र सुरक्षित संचालनको निम्ति प्रार्थना गरौं ।
अप्रिल १७: हाम्रा भारतीय अगुवाहरू, राष्ट्रपति, प्रधानमन्त्री, गभर्नरहरू, मुख्य मन्त्रीहरू र सबै सरकारी अधिकारीहरूका निम्ति प्रार्थना गरौं ।
अप्रिल १८: संसारभरि शान्तिको निम्ति प्रार्थना गरौं ।

पृष्ठ ४ बाट

भस्म पार्नेछैन। किनभने म परमप्रभु, तेरा परमेश्वर हुँ… मैले तँलाई प्रेम गरेको कारण… नडरा किनकि म तँसित छु…" (यशैया ४३:१-५)।

परमेश्वरले भनिरहनुभएको थियो, "तँसँग जोडिएको मेरो उपस्थितिको साथमा तँ पानीबाट वा आगोबाट भएर जान सक्छन् र बच्न सक्छस्। तैपनि तँ स्पष्टसँग बाँच्नेछैनस्। तँ आशिषित हुनेछस् र ती सबैबाट निगाह पाउनेछस् किनभने मेरो उपस्थिति तँसँग छ।"

पुरानो करारका यी खण्डहरू केवल मृत-पत्र कथाहरू होइनन्। तीचाहिँ हाम्रो जीवनमा परमेश्वरको उपस्थिति खोज्न उत्साह दिन र जोड दिनको निम्ति हुन्। उहाँको उपस्थितिले अब्राहाम, यहोशू, गिदोन, यर्मिया र सारा इस्राएललाई के गरेको थियो भनेर हामीले परमेश्वरलाई धन्यवाद दिन सक्छौं। तैपनि हाम्रो निम्ति परमेश्वरको उपस्थितिले के गरेको थियो भन्ने बारेमा हामी हरेकसँग शक्तिशाली गवाही छ– हाम्रो जीवनलाई मार्गनिर्देशन गर्ने, ढोकाहरू खोल्ने, बाधाहरू हटाउने, हृदय पगाल्ने र हामीलाई निडर बनाउने।

मेरो जीवनमा यो प्रमाणित भएको सत्य भएको मैले देखेको छु। तपाईंले भन्न सक्नुहुन्छ, "तपाईंले केवल घमण्ड गरिरहनुभएको छ।" होइन, यो त तथ्य हो। मेरो आफ्नो भए पनि परमेश्वरको उपस्थिति मसँग रहेको छ।

जब हामीले हाम्रो मण्डली दश वर्षअगाडि सुरु गरेका थियौं, हामीले गरेका सबै कुराहरूमा हामीबाट खीष्टको उपस्थिति रहेको थियो। मण्डलीको रूपमा प्रयोग गर्न थिएटरको खोजीमा प्रख्यात ब्रोडवे निर्माताको कार्यालयमा गएको म सम्झन्छु। त्यो मानिसको सेक्रेटरीहरू र कर्मचारीले मलाई गिज्याएका थिए: तिनीहरूका वचन र स्वभावले म तल्लो प्रकारको सेवक हुँ, त्यसैले मैले भेट्ने समय पाउनेछैन भनेर निश्चिन्त बनाएका थिए। वास्तवमा, मलाई पिटेर निकालिन सक्छ भनेर मैले सोचेको थिएँ। तर जब निर्माता आफ्नो कार्यालयमा आउनुभयो– अनि जब उहाँले मलाई देख्नुभयो, उहाँले मलाई भित्र जान निम्त्याउनुभयो।

त्यसपछि केही हप्तापछि निर्माता र मैले एकअर्कालाई चिन्यौं। एक पटक उहाँले आफ्नो टेबलबाट मलाई हेर्दै भन्नुभयो, "मलाई थाहा छैनँ, मैले तपाईंसँग किन यति धेरै समय बिताइरहेको छु। मेरो समय वास्तवमा भरिएको छ।" तर जब म उहाँको कार्यालयमा प्रवेश गर्थें, उहाँको सेक्रेटरीले अन्य सबै पाहुनालाई पन्छाउँदै भनिरहनुहुन्थ्यो, "भित्र जानुहोस्, रेभरेण्ड– उहाँ तपाईंलाई पर्खिरहनुभएको छ।"

अन्त्यमा, यो मानिसले आफ्नो फ्ल्यागसीप थिएटर मण्डलीको प्रयोगको निम्ति हामीलाई बेच्नुभयो। उहाँले बेचेको कागजातहरूमा दस्तखत गरिरहनुभएको बेलामा पनि भन्नुभयो, "मलाई थाहा छैनँ, मैले यो किन गरिरहेको छु।" हामीलाई त्यो भजन बेच्नको लागि उहाँलाई चलाउने परमेश्वरको उपस्थिति मात्रै थियो।

परमेश्वरले अन्य मानिसहरूको पनि हृदय परिवर्तन गरिरहनुभएको मैले देखें। अतिरिक्त स्थानको रूपमा हाम्रो भवनसँगै भएको भवनलाई हामीलाई बेच्न इन्कार गर्ने मानिस थिए। तर समयसँगै, उनी मेरो मित्र बने र अन्त्यमा उहाँले त्यो भवन हामीलाई बेच्नुभयो। सदाझैं, उहाँले मलाई निरन्तर भनिरहनुभयो, "तपाईंको निम्ति काम गर्ने कोही माथिको व्यक्ति छ।"

त्योचाहिँ परमेश्वरको उपस्थितिको शक्ति हो। अनि सोही तरिकामा हरेक खीष्टियानले गवाही दिन सक्छ: "मसँग भएको परमेश्वरको उपस्थितिले महान् कामहरू गरेको छ।"

## हाम्रो जीवनमा परमेश्वरको उपस्थिति पाउने र कायम राख्ने कुरामा शर्त जोडिएको छ

हाम्रो जीवनमा परमेश्वरको उपस्थितिको निम्ति उहाँले शर्त राख्नुभएको छ। यो शर्त हामीले २ इतिहास १५ अध्यायमा पाउँछौं। अघिल्लो अध्यायमा राजा आसाले इथियोपियाका लाखौं मानिसहरूको सेनामाथि ठूलो विजय पाउन यहूदाका सेनाहरूलाई अगुवाइ गरे। तैपनि आसाले गवाही दिन्छन् कि शत्रुलाई तितरबितर पार्नेचाहिँ परमेश्वरको उपस्थिति थियो:

"तब आसाले परमप्रभु आफ्ना परमेश्वरको पुकारा गरेर भने, हे परमप्रभु, बलियाको सामना गर्न कमजोर जस्तोसुकै मानिसहरूलाई सहायता दिने त तपाईंजस्तै अरू कोही छैन। हे परमप्रभु हाम्रो परमेश्वर, हाम्रो सहायता गर्नुहोस् किनभने हामी तपाईंमाथि भर परेका छौं। हामी तपाईंकै नाउँमा यस ठूलो सेनाको विरुद्धमा सामना गर्न आएका छौं … परमप्रभुले आसालाई कूशीहरूमाथि विजयी तुल्याउनुभयो…" (२ इतिहास १४:११-१२)।

जब आसा र तिनका सेनाहरू यरूशलेमतिर विजय मनाउँदै गए, अजर्याह नाम गरेका अगमवक्ता परमेश्वरबाटको यो सन्देशको साथमा सहरको ढोकामा तिनीहरूलाई भेटे: "हे आसा… मेरा कुरा सुन। जब तिमीहरू परमप्रभुसँग हुन्छौ, तब उहाँ पनि तिमीहरूसँग हुनुहुनेछ। तिमीहरूले उहाँलाई खोज्यौ भने उहाँ तिमीहरूबाट भेट्टाइनुहुनेछ। तिमीहरूले उहाँलाई त्याग्यौ भने उहाँले पनि तिमीहरूलाई त्याग्नुहुनेछ। धेरै समयसम्म त इस्राएल साँचो परमेश्वरबिना थियो… तर जब आफ्नो कष्टमा तिनीहरूले परमप्रभु इस्राएलका परमेश्वरतिर फर्केर उहाँलाई खोजे, तब तिनीहरूले पाऊन् भनी उहाँ स्वयम प्रकट हुनुभयो" (२ इतिहास १५:२-४)।

तपाईंको जीवनमा परमेश्वरको उपस्थिति प्राप्त गर्ने र कायम राख्ने रहस्य यहाँ छ। परमप्रभुले कुनै पनि खाली ठाउँ नराखी आसालाई सम्झना दिलाउनुहुन्छ: "आसा, तिमीले यो विजय कसरी पाएका थियौ भनेर कहिल्यै पनि नबिर्स। जब तिमी समस्यामा थियौ, तिमीले आफ्नो सारा हृदयले मलाई खोजेका थियौ र पूर्णरूपमा मतिर फर्केका थियौ– अनि मैले तिमीलाई आफ्नो उपस्थिति पठाएको थिएँ। तिम्रा शत्रुहरूलाई धपाउने मेरो उपस्थिति थियो।"

अब अजर्याहले आसालाई भनिरहेका थिए, "तपाईं शक्तिमा आउनुभन्दा अघि राज्य कस्तो थियो भनेर के तपाईंले सम्झनुहुन्छ ? हरेक थोक अस्तव्यस्त, व्यवस्थान नभएको, मार्गनिर्देशन नभएको, धार्मिक शिक्षा नभएको थियो। हरेक जना आफू नै व्यवस्था थिए, हरेकले आफ्नै थोक गरिरहेका थिए।"

आज धेरै खीष्टियान घरहरूको स्पष्ट तस्वीर यही नै हो। हरेक थोक अस्तव्यस्त, अधिकार, शान्ति वा विश्राम नभएको छ। हरेक जनाले आफूलाई प्रसन्न पार्ने काम गर्छ। यस्ता धेरै परिवारहरू दयनीय, समस्याग्रस्त बनेका छन्।

तैपनि यो कुराचाहिँ यो तरिकामा हुनुपर्दैन। कुनै पनि खीष्टियान घर समस्यागस्त बनिरहनुहुँदैन। परमेश्वरको प्रतिज्ञा अपरिवर्तनशील छन् र उहाँको वचनले निश्चयता दिन्छ, "तिम्रो बाँकी रहेको जीवनको निम्ति– जबसम्म तिमीले मलाई निरन्तर खोज्छौ– म तिम्रो साथमा हुनेछु। जब तिमीले मलाई पुकारा गर्छौ, म सधैं तिमीभित्र पाइनेछु।"

यो गहन ईश्वरशास्त्र होइन। केवल यसलाई अगाडि राख्नुहोस्, यदि दुवै पति र पत्नी– अथवा स्पष्ट रूपमा कुनै एक जनाले– परमप्रभुलाई खोजिरहन्छ भने तिनीहरूका घरमा कुनै समस्या हुनु वा "व्यवस्थाहीन" हुनुपर्ने आवश्यकता हुँदैन। जोकोहीले पनि यसको निम्ति उहाँलाई खोजी गर्नेछ भने परमप्रभुको उपस्थिति अङ्गाल्न सक्छ।

"…परमप्रभु… तिमीहरूमा पाइनुहुनेछ…" (२ इतिहास १५:२)। पाइनहुन्छ भन्ने हिब्रू शब्द यहाँ मास्ता हो, जसको अर्थ, "सुसज्जित बनाउन, आशिष् दिन उहाँको उपस्थितिअघि आउने" हो। छोटकरीमा यो पदले हामीलाई भन्दछ, "आफ्नो सम्पूर्ण हृदयले

परमप्रभुलाई खोज र उहाँ आफ्नो उपस्थितिको साथमा तिमीकहाँ आउनुहुनेछ। वास्तवमा उहाँको उपस्थिति सर्वशक्तिमान शक्ति हुनेछ, जुन तपाईंको जीवनबाट निस्कन्छ।"

**पवित्रशास्त्रअनुसार हाम्रो मुख्य चासो भनेको निरन्तर परमेश्वरलाई खोज्नु, हामीसँग उहाँको उपस्थिति निश्चित गर्नु हो ।**

परमेश्वरले हरेक विश्वासीसँग आफ्नो अनुग्रहको करार बाँध्नुहुन्छ। यो करार प्रतिज्ञाहरूमा प्रकट भएको हुन्छ, जस्तैः "परमेश्वरले हाम्रा सबै अपराधहरू ख्रीष्टमाथि राखिदिनुभयो ।" "येशू हाम्रो निम्ति श्राप बन्नुभयो ।" "उहाँले हामीलाई छोड्नुहुनेछैन नता त्याग्नुहुनेछ ।"

तैपनि आफ्नो सम्पूर्ण हृदयले परमेश्वरलाई खोज्न समर्पित भएकाहरूलाई परमेश्वरले निश्चित, विशेष प्रतिज्ञाहरू पनि बाँध्नुहुन्छ । त्यस्तो प्रतिज्ञाहरूमध्ये एउटाचाहिँ परमेश्वरको उपस्थितिको करार हो। तापनि, यो करार कडा रूपमा शर्तसहित छ। हामी यो करारको नियमलाई अङ्गाल्दछौं भने हामीले आफ्नो जीवनमा परमेश्वरको उपस्थितिको अचम्मको आशिष्‌मा आनन्द गर्नेछौं भनेर पवित्रशास्त्रले स्पष्ट बनाएको छ। अनि यसले केवल मुक्तिको विषयलाई उल्लेख गर्दैन । यसले परमेश्वरको पछि लागेको खोज्ने व्यक्तिको बारेमा बताउँछ, उहाँको अचम्मको उपस्थिति हामीमाथि खन्याइन्छ– अनि यो सबैले देख्छन् र थाहा गर्छन् ।

परमेश्वरले आफ्नो उपस्थितिको यो करार नाम उल्लेख नभएको अगमवक्ताबाट प्रकट गर्नुभयो, जसले इस्राएलको प्रधानपूजाहारी एलीलाई सन्देश प्रदान गरेको थियो । त्यो समयमा एली विश्वासबाट पतन भएका थिए। परमप्रभु उनीसँग बोल्नुभएको थियो, उनले अनुमति दिएका पाप र सम्झौताको विरुद्धमा उनलाई चेतावनी दिइरहनुभएको थियो । तर एलीले परमेश्वरका सबै वचनहरूलाई बेवास्ता गरे । अनि अब यो नाम उल्लेख नभएको अगमवक्ताले एलीलाई भने, "परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छः तेरो परिवार र तेरा पिताको परिवारले सधैंभरि मेरो सामुन्ने सेवा गर्नेछन् भनी मैले प्रतिज्ञा गरेको थिएँ । तर अब परमेश्वर यसो भन्नुहुन्छः अब यस्तो हुनेछैन । मलाई आदर गर्नेलाई म आदर गर्नेछु र मलाई तिरस्कार गर्नेहरू तुच्छ ठानिनेछन्" (१ शमूएल २ः३०) ।

"तुच्छ गनिनेछन्" भन्ने वाक्याङ्श परमेश्वरको उचाल्ने उपस्थितिसँग जोडिएको छ। यसको अर्थ व्यक्ति नष्ट भयो भन्ने होइन तर त्यसको साटो ऊ आफ्नै शरीरको शक्तिमा हिँड्नुपर्नेछ । परमेश्वरले एलीलाई भनिरहनुभएको थियो, " मैले तेरो घरलाई आशिष् दिने, तँलाई निगाह दिन चाहें। तर तैले मलाई घृणा गरिस्, पापमाथि नरम बनिस् र मलाई एकातिर ठेल्न आफ्नो बासनालाई अनुमति दिइस् । अब तँबाट मेरे उपस्थिति म लैजानेछु।"

धेरै मानिसहरू सुरुमा ठूलो विश्वासको साथमा ख्रीष्टकहाँ आउँछन् । तर समयसँगै तिनीहरूका उत्कट चाहना कम हुँदै जान्छ र तिनीहरूले परमप्रभुलाई बेवास्ता गर्न सुरु गर्छन्। तिनीहरूले उहाँको आज्ञाहरूलाई हलुका रूपमा लिए र आफ्ना पुराना पापमय मार्गतिर फर्के। तैपनि तिनीहरूले अझै पनि आफ्नो साथमा परमेश्वरको उपस्थिति रहेको विश्वास गरे । होइन– त्यो नक्कली झुट, भ्रम हो। बाइबलले यो कुरा स्पष्ट पारेको छः तपाईंले उहाँलाई त्याग्नुहुन्छ भने उहाँले तपाईंलाई त्याग्नुहुनेछ।

परमेश्वरको प्रतिज्ञा कहिल्यै असफल हुँदैन। तर केही– उहाँको उपस्थितिको करारजस्तै– ती पूर्णरूपमा शर्तसहित हुन्छन्। त्यसमा स्पष्ट रूपमा हाम्रो सहकार्यभन्दा पनि धेरै कुराको आवश्यकता हुन्छ । निश्चय नै परमेश्वरले हामीलाई कहिल्यै त्याग्नुहुनेछैन अथवा हामीलाई प्रेम गर्न रोक्नुहुन्न । तर हामी पापमा रहन्छौं भने उहाँको उपस्थिति हामीसँग हुनेछैन– र हाम्रो जीवन उहाँको शक्तिशाली उपस्थितिको औजार अब हुनेछैन । हामी शरीरअनुसार जिउनेछौं– शक्तिहीन वा मार्गनिर्देशनबिना सङ्घर्ष गर्दै, समस्यामा पर्दै ।

**परमेश्वरको उपस्थिति हामीमा भएपछि मात्रै हामी निडर हुन, उहाँको महिमा देख्न र बुझ्न सक्छौं ।**

जब इस्राएल उजाडस्थानमा थियो, परमेश्वरले आफ्नो उपस्थिथि बादलद्वारा प्रकट गर्नुभयो। यो बादलचाहिँ आफ्ना मानिसहरूसँग परमेश्वरको निश्चयताको भौतिक प्रदर्शन थियो । त्यो तल आयो र मन्दिरलाई रात र दिन छोपेको थियो । अनि त्यसले हरेक कार्यको निम्ति आफ्नो निर्देशनको रूपमा कार्य गर्नुभयो। जब बादल अगाडि बढ्यो, तिनीहरू अघि बढे र जब त्यो रोकियो, तिनीहरू पनि रोकिए। मानिसहरूले आफ्नो दिशा वा भविष्य निर्धारण गर्ने कोसिस गर्न समितिको बैठक राख्दैनथे। तिनीहरूले आफ्नो सम्पूर्ण विश्वास परमेश्वरको उपस्थितिको देखिने बादलमा राखेका थिए ।

आज, उहाँको उपस्थितिको सोही बादल तपाईंको प्रार्थनाको गुप्त स्थानमा रहेको छ। त्यसले आफ्नो शान्तिले तपाईंलाई भर्न हरेक दिन पर्खन्छ। त्यसले तपाईंलाई अगुवाइ गर्नेछ, तपाईंलाई सबल बनाउनेछ र तपाईंलाई शान्ति दिनेछ। अनि यसले तपाईंको घर, जागिर र सम्बन्धहरूका निम्ति बिस्तृत मार्गनिर्देशन दिनेछ ।

तपाईंको गुप्त स्थान जहाँकहीं पनि हुन सक्छ– नुहाउने ठाउँमा, तपाईंको जागिरतिर जाने बस, जागिरमा जाँदा यात्रा गर्दा। तपाईंले हरेक थोकलाई बन्द गर्न सक्नुहुन्छ र भन्नुहुन्छ, "प्रभु, अब मसँग आधा घण्टा छ। म तपाईंलाई प्रेम गर्छु, येशू अनि तपाईंको आराधना गर्दछु। योचाहिँ तपाईंसँग मेरो गुप्त स्थानको समय हो ।"

परमेश्वरसँग बन्द हुने, निरन्तर प्रार्थनाको जीवन विकास गर्ने योचाहिँ अचम्मको कुरा हो । जब तपाई खोजी गर्ने, प्रार्थना गर्ने सेवक बन्नुहुन्छ,

## संसारको जागृतिको निम्ति प्रार्थनाको आह्वान

**बोलावटको प्रतिध्वनिका सेवकाइहरू र अन्य मण्डलीहरू र संस्थाहरूमा जागृतिको निम्ति विश्वव्यापी विशेष प्रार्थनाको दिन**

बिहान १० बजेदेखि साँझ ५ बजेसम्म बोलावटको प्रतिध्वनिको सेवकाइहरू र अनय मण्डलीहरू र संस्थानहरूका बीचमा जागृतिको निम्ति विशेष प्रार्थनाको दिनको रूपमा मई १, २०२० लाई अलग गर्न, समर्पित गर्न र अवलोकन गर्न संसारभरिका हाम्रा मित्रहरूलाई हामी विनम्र अनुरोध गर्दछौं। भारत चेन्नाइमा भएको मुख्य मण्डलीमा विशेष भेलाको आयोजना गरिएको छ। चेन्नाइ र भारतबाट टाढा हुनुभएका हाम्रा सबै साथीहरूले आफ्ना स्थानहरूमा सोही दिन सोही सायमा प्रार्थनाको भेला आयोजना गर्नँहुन अनुरोध गर्दछु । प्रार्थनाका बुँदाहरू पछि पठाइनेछ । भारत र संसारका अन्य देशहरूका निम्ति प्रार्थना गर्ने यो उपयुक्त र ठीक समय हो ।

प्रार्थना शक्ति हो, जसले संसारलाई चलाउने हातहरूलाई चलाउँदछ ।

**पा. एस. साम सेल्भाराज**
**बोलावटको प्रतिध्वनि**

उहाँको उपस्थिति तपाईंको जीवनमा अगाडि आउनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ– ढोकाहरू बन्द गर्ने र खोल्ने र तपाईंको वरिपरि उहाँको ईश्वरीय क्रमले काम गरिरहने । तैपनि योभन्दा अझ महान् काम हुनेछ: परमेश्वरको उपस्थितिले तपाईंलाई उहाँको महिमाको प्रकाशमा अगुवाइ गर्नेछ ।

परमेश्वरको उपस्थिति र उहाँको महिमाको बीचमा भिन्नता छ । धेरै खीष्टियानहरूलाई उहाँको उपस्थितिको बारेमा थाहा छ – तिनीहरूका जीवनमा उहाँको महान् कार्यहरू– तर केहीलाई मात्र उहाँको महिमाको बारेमा थाहा छ । प्रस्थानको अध्यायमा हामीलाई यो भिन्नताको बारेमा झल्को दिइएको थियो: “तब भेट हुने पाल बादलले छोप्यो र परमप्रभुको महिमाले पवित्र बासस्थान भरियो” (प्रस्थान ४०:३४) ।

सबै विश्वासीका शरीर परमेश्वरको मन्दिर हुन् भनेर प्रेरित पावलले लेखे: “के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा बास गर्नुहुन्छ” (१ कोरिन्थी ३:१६) ? जसरी इस्राएलीहरू परमेश्वरको उपस्थितिको बादलको अधीनमा जिउँथे, हामी पनि निरन्तर रूपमा परमेश्वरको अनुग्रहको शासनको अधीनमा छौं । तैपनि परमेश्वरको उपस्थिति र उहाँको महिमाको बीचमा के भिन्नता छ ?

## परमप्रभुले मोशालाई आफ्नो महिमाको प्रकाश दिनुभयो ।

मोशाले परमेश्वरको उपस्थितिको निरन्तर प्रदर्शनको निम्ति परमेश्वरको खोजी गरे: “... म तपाईंलाई चिन्न सकूँ...” (प्रस्थान ३३:१३-१४) । अनि परमेश्वरले तिनलाई जवाफ दिनुभयो, “... मेरो उपस्थिति तँसँग जानेछ र म तँलाई विश्राम दिनेछु ।”

धेरै विश्वासीहरूका निम्ति मोशाको आग्रह अलिक पर्याप्त हुन सक्छ । हामी सबैले परमेश्वरको उपस्थितिको चाहना गर्छौं– हामीलाई अगुवाइ गर्ने, हामीलाई निर्देशित गर्ने, हामीलाई सुसज्जित बनाउने, हामीलाई आशिष् दिने । वास्तवमै, कुनै पनि विश्वासीले अधिक के कुराको चाहना राख्छ ? तैपनि मोशाको निम्ति परमेश्वरको उपस्थितिको निश्चयता पर्याप्त थिएन । त्यहाँ अझ धेरै कुरा थियो भनेर उनलाई थाहा थियो । अनि उनले पुकारा गरे, “... अब मलाई तपाईंको महिमा देखाउनुहोस्” (प्रस्थान ३३:१८) ।

परमेश्वरले आफ्नो महिमा मोशालाई देखाउनुभयो । तर त्यो केही पारदर्शी बादलमा वा पृथ्वी हल्लाउने शक्तिको प्रदर्शनमा देखिएको थिएन । होइन, परमेश्वरले आफ्नो महिमा आफ्नो स्वभावको साधारण प्रकाशमा अभिव्यक्त गर्नुभयो: “परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ र दुष्टता र विद्रोह र पाप क्षमा गर्नुहुन्छ...” (प्रस्थान ३४:६-७) । परमेश्वरको महिमा उहाँको भलाइ, कृपा, प्रेम र करुणाको प्रकाश थियो ।

धेरै खीष्टियानले भनेको मैले सुनेको छु: “अहो, गएको राति हाम्रो मण्डलीमा परमेश्वरको महिमा कसरी तल आएको थियो । त्यहाँ यस्तो अचम्मको प्रशंसा थियो र मानिसहरू आत्माद्वारा कायल भएका थिए ।” तर परमेश्वरको महिमाको प्रदर्शनको प्रमाण त्यही होइन । त्योचाहिँ मानिसको भावनाभन्दा परमेश्वरसँग कुनै सम्बन्ध छैन । उहाँ को हुनुहुन्छ भन्ने कुराको प्रकाश पनि त्यसले समावेश गर्दैन ।

केहीले विवाद गर्न सक्छन्, “तर डाँडामा भएको येशूको रूपान्तरणमा चेलाहरूको अनुभवको बारेमा के त ? के त्यो परमेश्वरको महिमाको प्रदर्शन थिएन ? त्यहाँ अति शक्तिशाली ज्योति र मोशा र एलियाको अचम्मको प्रकट थियो ।”

तर परमेश्वरको महिमा मोशा वा एलियामा थिएन अथवा त्यो विशेष ज्योतिमा थिएन । त्यसको साटो, उहाँको महिमा येशू हुनुहुन्थ्यो: “... उहाँको चेहरा सूर्यझैं चम्क्यो र उहाँका वस्त्र प्रकाशझैं सेता भए... त्यस बादलबाट एउटा आवाज आयो, यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन” (मत्ती १७:२-५) ।

परमेश्वरले भनिरहनुभएको थियो, “मेरो महिमाको व्यक्तित्व यहाँ छ– खीष्टमा ।” वास्तवमा, परमेश्वरले मोशालाई भन्नुभएको उहाँ को हुनुहुन्छ भन्ने कुराको पूर्ण येशू हुनुहुन्छ– महिमित, कृपालु, क्षमा गर्ने, भलाइ र सत्यतामा प्रशस्त, हजारौंको निम्ति कृप ागर्ने, पापका अपराधहरू र अशुद्धता क्षमा गर्ने । अनि अब परमप्रभुले भनिरहनुभएको थियो, “मेरो महिमाको सजीव तस्वीर यहाँ छ । यो मेरो पुत्रमा प्रतिबिम्बित भएको छ ।”

केही खीष्टियानहरूले यस्तो भनेको मैले सुनेको छु, “परमप्रभुले नरकको आतंकको दर्शन मलाई दिनुहुन्छ भने म कहिल्यै पनि उहाँलाई त्याग्नेछैनँ । म हरेक दिन येशूको निम्ति जिउनेछु ।” होइन, त्यस्तो प्रकारको दर्शनले कसैलाई पनि कहिल्यै कायम राख्दैन । येशू को हुनुहुन्छ भन्ने दर्शनले मात्रै– उहाँको महिमा, अनुग्रह र कृपा– त्यसले हामीलाई पवित्र बनाउँछ । त्यसपछि मात्रै उसले आफ्नो जीवन खीष्टलाई समर्पित गर्छ भनेर शपथ खान्छ । तर त्यो केही हप्ताभित्रै त्यो दर्शन मर्छ र ऊ आफ्नो पापमय मार्गहरूमा फर्कन्छ ।

परमेश्वरले हाम्रा आँखा खोल्न चाहनुहुन्छ “सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति” (एफिसी १:१८) । उहाँले भनिरहनुभएको छ, “मैले मोशालाई प्रकट गरेको सबै महिमा मेरो पुत्रमा प्रतिबिम्बित भएको छ । अनि अब मैले उहाँलाई तिम्रो उत्तराधिकारको रूपमा तिमीलाई दिएको छु । उहाँको सम्पूर्ण महिमामा उहाँलाई चिन्ने अधिकार तिमीमा रहेको छ ।” “किनकि खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा बास गर्दछ” (कलस्सी २:९) ।

मोशाले किन परमेश्वरको महिमाको दर्शन यति व्यग्रताको साथमा खोजिरहेका थिए ? त्यो कारणचाहिँ यो पदमा पाइन्छ भनेर म विश्वास गर्दछु: “इस्राएलीहरूसित म त्यहीं नै भेट गर्नेछु र त्यो पाल मेरो महिमाले पवित्र हुनेछ” (प्रस्थान २९:४३) । यहाँ भएको “पवित्र” भन्ने शब्दको अर्थ “शुद्ध बनाउनु” हो । अर्को शब्दमा परमेश्वरले भनिरहनुभएको छ: “मोशा, जबसम्म तिमी र मानिसहरूले मेरो आराधना गर्छौ, म तिमीलाई भेट गर्नेछु र मेरो उपस्थिति तिमीलाई दिनेछु । अनि जब म आफ्नो महिमा तिमीलाई प्रकट गर्छु, त्यसले तिमीलाई शुद्ध बनाउनेछ ।”

पवित्रशास्त्रमा भएका सबैभन्दा शक्तिशाली पदहरूमध्ये यो पनि एउटा हो । यसले आक्रमण गरिरहेको पापसँग सङ्घर्ष गर्ने र स्वतन्त्रता र शुद्धताको लागि चाहना गरिरहेका हरेक जनालाई यसले आशा प्रदान गर्दछ । परमेश्वरले निश्चियता गर्नुहुन्छ, “तिम्रो मन्दिर मेरो महिमाको प्रकाशले शुद्ध बनाउनेछ । अनि अब त्यो प्रकाश तिमीलाई उपलब्ध गराइएको छ– मेरो पुत्र, येशू खीष्ट ।

खीष्टको यो प्रकाश हामीले कहाँ पाउन सक्छौं ? जब हामी पवित्रशास्त्रमा आउँछौं, तब मात्रै यो कुरा थाहा गर्छौं । जब हामीले परमेश्वरको वचन हामीमा प्रतिबिम्बित गर्न अनुमति दिन्छौं– येशूको प्रकाशको वृद्धि, हामी एउटा महिमाबाट अर्को महिमामा परिवर्तन

**ALUMNI MEETING**
**OF NEHEMIAH BIBLE COLLEGE of ECHO OF HIS CALL MINISTRIES**

Place : Nehemiah Bible College, 10, Mohammed Abdullah 2nd Street, Bells Road, Chepauk, Chennai-600 005.

Time : 16th March, 2020 form 5.00 PM to 7.00 PM

We invite all our former students of **Echo of His Call, Nehemiah Bible College, BIBLECOR, Theological Correspondence Course.**

Rev. Dr. Ebe Rayner Strauss, Principal — Pr. Alex Samson Sam, Director — Pr. S. Sam Selva Raj, President

**Nehemiah Bible College Graduation Service**

Please pray for the Graduation Service of Nehemiah Bible College on the 13th June, 2020 Saturday at 4.00 PM at Balar Kalvi Nialyam Hall, Anita Matriculation School, Ritherdon Road, Purasawakkam, Chennai-600 007.



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

**"... म त गरिब र दरिद्र छु। परमप्रभुले मेरो विचार गरून्" (भजनसंग्रह ४०:१७)।**

करिब चालीस वर्षअघि चेन्नाइमा एउटा बृहत् जागृति भेला आयोजना भएको थियो। केही ठूला प्रचारहरू दक्षिण अफ्रिकाबाट आउनुभएको थियो। उहाँहरूद्वारा परमेश्वरले महान् आश्चर्यकर्म गर्नुभएको थियो। ठूलो सङ्ख्याका मानिसहरू आश्चर्यकर्महरूका साक्षी भएका थिए र आफ्नो जीवनमा पहिलो पटक येशू ख्रीष्टको सुसमाचार सुनेका थिए। मैले उहाँहरूलाई स्वयंसेवी सेवकको रूपमा सहायता गरिरहेको थिएँ। अन्तिम भेला सिद्धिएपछि त्यहाँ पाहुनाहरू र सहयोगीहरूको सानो भेला भएको थियो, जसले भेला संचालन गर्नको निम्ति सहायता गरेका थिए। अचानक दक्षिण अफ्रिकाबाट आउनुभएको मुख्य पाहुनाले मलाई बोलाउनुभयो र मेरो बारेमा सोधपुछ गर्नुभयो, जागृति भेलाको समयमा व्यानरहरू राख्ने, नयाँ साथीहरूलाई भेट्ने र सहभागीहरूलाई सहायता गर्नमा मैले गरेको इमानदार र मेहेनेतलाई प्रशंसा गर्नुभयो।

म कहाँबाट आएको थिएँ भनेर उहाँले मलाई अझै सोध्नुभयो र भारतबाट उहाँको प्रस्थानको समय अर्को दिन बिहान विमानस्थलमा उहाँले मलाई भेट्न सक्नुहुन्छ कि भनेर मलाई आग्रह गर्नुभयो। मेरो लागि त्यो अत्यन्तै चाँडो हुन्छ भनेर मैले उहाँलाई जवाफ दिएँ किनभने मसँग एउटा अत्यन्तै पुरानो साइकल थियो, जुन मेरो घरबाट विमानस्थलसम्म यात्रा गर्न सक्ने राम्रो अवस्थामा पनि थिएन र मेरो ठाउँबाट त्यो स्थान २५ किलोमिटरभन्दा धेरै थियो। तुरुन्तै, उहाँले वरपर हेर्नुभयो र यो सहरको ठूलो सुसमाचार प्रचारकलाई भेट्टाउनुभयो र उहाँलाई उहाँको नामले बोलाउनुभयो र भन्नुभयो, "यो भाइ साम सेल्भाराज हुनुहुन्छ। उहाँले स्वयंसेवी रूपमा अत्यन्तै राम्रो काम गरिरहनुभएको छ भनेर मैले उहाँलाई देखेको छु र म उहाँमा केही विशेषताहरू पनि देख्न सक्छु। म भारतबाट जानुअघि विमानस्थलमा उहाँसँग केही समय बिताउन चाहन्छु। तर उहाँ अत्यन्तै गरिब हुनुहुन्छ र भोलि बिहान सबेरै उहाँको घरबाट विमानस्थलसम्म यात्रा गर्न उहाँसँग उपयुक्त साधन छैन, तपाईले आफ्नो कारमा उहाँलाई ल्याउनुभयो भने म अत्यन्तै खुसी हुनेछु किनकि तपाई मलाई पुऱ्याउन विमानस्थलमा आउनुहुनेछ।" तर यो प्रचारक भाइ मप्रति रिसाउनुभएको थियो र मुख्य पाहुनालाई जवाफ दिनुभयो, "यो मानिसलाई बोक्न मेरो कारमा स्थान छैन। उहाँ विमानस्थलमा नआएकै बेस।" मुख्य पाहुनाले उहाँलाई सोध्नुभयो, "के विमानस्थलमा तपाईंसँग अन्य कोही मानिसहरू पनि आउँदै हुनुहुन्छ?" उहाँले जवाफ दिनुभयो, "मसँग कोही पनि आउनुहुन्न तर म यो गरिब मानिसलाई सहायता गर्न सक्दिनँ।"

मुख्य पाहुना परमेश्वरको जनले यी शब्दहरू सुनेर वास्तवमै अचम्ममा पर्नुभयो.... । उहाँले मलाई बोलाउनुभयो र मेरो टाउकोमा आफ्नो हात राख्नुभयो र आँसुको साथमा मलाई भौतिक आशिषहरू पनि दिन परमेश्वरलाई आग्रह गर्दै परमेश्वरलाई प्रार्थना गर्नुभयो। त्यसपछि उहाँले मलाई भन्नुभयो, "मेरो भाइ साम, तपाई महान् परमेश्वरको अत्यन्तै विनम्र सेवक हुनुहुन्छ भनेर मलाई थाहा छ, जसको आज मैले सेवा गर्छु। म तपाई र तपाईंको सेवकाइमाथि समृद्धिको भएको होस् भन्दछु। मैले सेवा गर्ने परमेश्वरले अहिले नै स्वर्गका झ्यालहरू खोल्नुहुनेछ र भारतमा तपाईंको सेवकाइको निम्ति तपाईलाई धेरै कारहरू, बसहरू र अन्य सबै भौतिक संरचनाहरूले आशिष् दिनुहुनेछ। तपाईंलाई विमानस्थलसम्म लैजान नचाहने त्यो भाइलाई तपाईंले घृणा गर्नुहुन्न, जब उहाँले भोलि बिहान विमानस्थलमा जान यात्रा गर्नुहुन्छ।"

यो अनुभवले मलाई पीडा दिएको थिएन। तर परमेश्वरको सेवकद्वारा उहाँको आशिषित वचनहरूका निम्ति म परमेश्वरप्रति धन्यवादी थिएँ। दिनहरू बिते। तर मलाई आफ्नो मनमा निरन्तर राखिरहन परमेश्वर अत्यन्तै विश्वासयोग्य हुनुहुन्थ्यो। पछि परमेश्वरले आफ्नो सेवकाइको निम्ति सवारीसाधनहरू र अन्य सबै सामाग्रीहरूले मलाई आशिषित बनाउनुभयो। उहाँले मलाई र मेरा सहकर्मीहरूलाई सोही विमानस्थलबाट विभिन्न पटक हाम्रा आफ्नै सवारी साधनहरू प्रयोग गर्दै यात्रा गर्न सुसज्जित बनाउनुभयो। हामीसँग कस्तो अचम्मको परमेश्वर हुनुहुन्छ? सोही परमेश्वर अझै पनि जीवित हुनुहुन्छ। उहाँ हिजो, आज र सदासर्वदा समान हुनुहुन्छ।

मेरा प्यारा पाठकहरू, तपाईंको टाउकोमाथि भएको अभिषेक अन्य कसैले पहिचान नगरेको हुनाले के तपाई अप्ठ्यारो अवस्थामा हुनुहुन्छ? तपाईंको वर्तमान तल्लो अवस्था देखेर के तपाई निरुत्साहित हुनुभएको छ? के तपाईंलाई आफ्नै मानिसहरूले तपाईंलाई नजरअन्दाज गर्छन्? परमेश्वरले भन्नुहुन्छ, "तिमीहरूको हृदय व्याकुल नहोस्... म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु" (यूहन्ना १४:१,१८)। उहाँको इच्छाको केन्द्रमा जीवन जिउनुहोस्। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।


**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV (See Rule 8)**

1. Place of Publication : 10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005.
2. Periodicity : Monthly
3. Printer, Editor, Owner & Publisher : **S. Sam Selva Raj** (Same Address)
4. Nationality : Indian

I, **S. Sam Selva Raj**, hereby declare that the particulars given above are true to the best of my knowledge and belief.

**March 2020** **S. Sam Selva Raj.**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

# बोलावटको प्रतिध्वनि

१६ वटा भाषामा मासिक पत्रिका, बाइबल कलेजहरू, पत्राचार कोर्सहरू, मण्डली स्थापना, गाउँ अङ्ग्रेजी हाइ स्कुल, सुसमाचारीय छापाखाना, क्रुसेडहरू, सेमिनारहरू, सामाजिक सेवाहरू, आदि।

**वार्षिक ग्राहकः रु. १००/–**

**आजीवन ग्राहकः रु. २,०००/–**

**बोलावटको प्रतिध्वनि सेवकाइका** बहुसङ्ख्यक क्रियाकलापहरू तपाईंजस्तै परमेश्वरका छोराछोरीका स्वेच्छा भेटी र चन्दाहरूबाट सहायता गरिएको छ। प्रभुले तपाईंलाई अगुवाइ गर्नं भएअनुसार तपाईंले **बोलावटको प्रतिध्वनि** र यसका क्रियाकलापहरूमा सहायता गर्न सक्नुहुन्छ। सुसमाचार नपुगेका मानिसहरूका बीचमा सुसमाचार पुऱ्याउन र मण्डलीहरू स्थापना गर्न हामीलाई तपाईंको सहायताको खाँचो छ।

तपाईंलाई **बोलावटको प्रतिध्वनि** पत्रिका नियमित रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने कृपया हामीलाई पत्राचार गर्नुहोस्। जब तपाईंले आफ्नो हुलाक वा इमेल ठेगानाहरू परिवर्तन गर्नुहुन्छ, कृपया हामीलाई तपाईंको पुरानो र नयाँ ठेगानाको बारेमा जानकारी दिनुहोस्।

**बोलावटको प्रतिध्वनि** हाम्रो वेबसाइटमा १६ वटा भाषाहरूमा पनि उपलब्ध छ। तपाईंले वेबसाइटमा गएर पढ्न साथै त्यसलाई डाउनलोड गरेर पढ्न सक्नुहुन्छ र आशिष् पाउन सक्नुहुन्छ।

तपाईंका पत्रहरू, प्रार्थनाका आग्रहहरू र तपाईंका आर्थिक सहायताहरू ( डी.डी., चेक, मनी अर्डर, आदि) तपाईंले तल दिइएको ठेगानामा **बोलावटको प्रतिध्वनिमा** पठाउन सक्नुहुन्छ।

कृपया तपाईंको **ल्यान्ड लाइन फोन/मोवाइल नम्बरहरू र इमेल ठेगानाहरू** अपडेटको निम्ति पठाउनुहोस्।

ECHO OF HIS CALL
10, MOHAMMED ABDULLAH 2nd STREET, CHEPAUK
CHENNAI - 600 005, INDIA
PH : (+91-44) 2852 8282, 2852 9293, 2854 7766
CELL : (+91) 98410 71852, 95661 31858
E-mails : sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites : www.echoofhiscall.org /
www.echoofhiscall.com
YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO

हुनेछौं भनेर पावलले भन्छन्: "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ" (२ कोरिन्थी ३:१८)।

परमेश्वरको महिमाको यो प्रकाशले हाम्रो जीवनको निम्ति निरन्तर रहने शक्ति प्रदान गर्नेछः "... सबैमाथि महिमा एउटा छत्र हुनेछ" (यशैया ४:५)। अर्को शक्तमा, परमेश्वरको महिमाले हाम्रो खराब समयमा निरन्तर शुद्ध राख्नेछ। शैतानले हामीलाई झुट बोल्न सक्नेछ, "तिमी पराजित भइसक्यौ। तिनी छली हौ, झुटो हौ, व्यभिचारी हौ।" तर हामीले जवाफ दिन सक्छौं, "होइन दुष्ट, मसँग प्रधान पूजाहारी हुनुहुन्छ– अनि म उहाँको महिमाको दर्शनद्वारा शुद्ध भएको छु।"

जब परमेश्वरले आफ्नो स्वभावका बारेमा यी सबै थोकहरू मोशाको अघि प्रकट गर्नुभयो, उहाँले तिनलाई पूर्ण प्रकाश पनि दिनुभयो कि "उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ..." (प्रस्थान ३४:७)। अजर्याहले राजा आसाको सबैभन्दा समृद्ध समयमा अगमवाणी गरेका थिए, "तपाईंले परमेश्वरको महिमालाई घृणा गर्नुहुन्छ भने– तपाईंले आफ्नो पापलाई बहाना दिनुहुन्छ र परमप्रभुलाई बेवास्ता गर्नुहुन्छ भने– उहाँले तपाईंलाई शुद्ध पार्नुहुनेछैन।" "जब तिमीहरू परमप्रभुसँग हुन्छौ, तब उहाँ पनि तिमीहरूसँग हुनुहुनेछ। तिमीहरूले उहाँलाई खोज्यौ भने उहाँ तिमीहरूबाट भेट्टाइनुहुनेछ। तिमीहरूले उहाँलाई त्याग्यौ भने उहाँले पनि तिमीहरूलाई त्याग्नुहुनेछ" (२ इतिहास १५:२)।

परमेश्वरले यहाँ हामीलाई भनिरहनुभएको कुरा अत्यन्तै साधारण छः "मेरो पुत्रलाई चिन्न समय लेऊ। मेरो वचनमा खोजी गर र तिम्रो प्रार्थनाको गुप्त स्थानमा मलाई खोज। त्यसपछि जब तिमीले मेरो उपस्थितिमा अङ्गाल्छौं, तिमीहरूका आँखा मेरो महिमामा खुल्न सुरु गर्नेछ। यी सबै कुरा ख्रीष्ट प्रकट गरिएको छ। उहाँ मेरो प्रेम, अनुग्रह, कृपा र दयाको पूर्ण प्रकट हुनुहुन्छ।"

"जब तिमीले यो प्रकाशमा निरन्तर मनन गर्छौ, यसले तिमीलाई शुद्ध र पवित्र बनाउनेछ– किनभने तिमी धेरैभन्दा धेरै येशूजस्तै बन्नेछौ। जब तिमीले उहाँ तिमीप्रति कसरी प्रेमिलो र कृपालु हुनुहुन्छ भनेर देख्छौ, तिमी अरूप्रति अझ धेरै प्रेमिलो र कृपालु बन्नेछौ। अनि त्योचाहिँ तिमीमा मेरो महिमा प्रकट गरिएको हुनेछ।"

प्रियहरू, चिन्हहरू हेर्न छोड्नुहोस्। तपाईंको मण्डली भवनलाई हल्लाउने कुनै प्रकारको शक्तिको आशा गर्न छोड्नुहोस् अथवा केही प्रचारकहरूलाई तपाईंमाथि हात राख्न र तपाईंका सबै समस्याहरू समाधान गर्ने आशा गर्न छोड्नुहोस्। तपाई आफैंले परमप्रभुको खोजी गर्नुहोस्। उहाँका वचनले त्यो कुरा स्पष्ट बनाउँछ– कित तपाईंले उहाँको निरन्तरको उपस्थितिमा आनन्दित हुनुहुनेछ अथवा तुच्छ ठहर्नुहुनेछः "किनकि जसका हृदय उहाँप्रति भक्त छन्, तिनीहरूलाई सहायता दिन सारा पृथ्वीभरि नै परमप्रभुको दृष्टि रहिरहन्छ..." (२ इतिहास १६:९)।

आफ्नो सारा हृदयले उहाँलाई खोज्नुहोस् र तपाईंको दैनिक जीवनमा उहाँको उपस्थितिको चाहना गर्नुहोस्। त्यसपछि तपाईंले परमेश्वरको अचम्मलाग्दो महिमा जान्नुहुनेछ र अनुभव गर्नुहुनेछ।

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/18-20
WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS / 1 Patrika Channel"
on 16th MARCH 2020
If un-delivered please return to:
ECHO OF HIS CALL (NEPALI)
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**